राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ भाद्र १९ मा बसेको
४० औं बैठकले गरेका निर्णयहरु

१. स्थानीय तहको प्रशासनिक संरचना स्पष्ट नहुँदा जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा समस्या परेकोले सामान्य प्रशासन मन्त्रालयले संयोजन गरी संघीय मामिला तथा स्थानीय विकास, शिक्षा, स्वास्थ्य, कृषि विकास, पशुपंक्षी विकास, महिला, वालवालिका तथा समाज कल्याण, उद्योग, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र सिंचाइ मन्त्रालयको प्रतिनिधित्व रहने कार्यदल गठन गरी १५ दिनभित्र स्थानीय तहको अन्तरिम संरचना तयार गर्ने र सामान्य प्रशासन मन्त्रालयले सम्बद्ध मन्त्रालयको सहयोग लिई जनशक्ति खटाउने ।

२. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वडा कार्यालय समेत गाउँपालिका तथा नगरपालिकाका कार्यालय भवन आगामी चार बर्षभित्र चरणबद्ध रुपमा निर्माण गर्नेगरी दुइ महिनाभित्र कार्ययोजना तयार गरी क्रमागत रुपमा बजेट व्यवस्था सहित कार्यान्वयन गर्ने ।

३. स्थानीय तहको विकासका लागि वैदेशिक श्रोत परिचालन तथा वित्तीय श्रोत व्यवस्थाको स्पष्ट मार्गचित्र तयार गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दुइ महिनाभित्र विकास साझेदारहरुको बैठक आयोजना गर्ने ।

४. स्थानीय तहलाई पूर्वाधार विकासमा सहयोग गर्न प्राविधिक जनशक्तिको क्षमता विकास, प्रविधि हस्तान्तरण, अन्तर स्थानीय तह पूर्वाधार निर्माण, श्रोत परिचालन र गुणस्तर सुनिश्चित गर्न अन्य निकायसँगको समन्वयमा स्थानीय पूर्वाधारसम्बन्धी सवै क्षेत्रलाई एकिकृत गरी प्रदेशस्तरीय संरचना र प्राविधिक इकाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दुइ महिनाभित्र स्थापना गर्न कार्य अघि बढाउने ।

५. इच्छुक भूकम्प प्रभावितलाई पूर्व घोषणावमोजिम सहुलियतपूर्ण रुपमा र सामूहिक जमानीमा निर्व्याजी ऋण उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैकले नीतिगत व्यवस्था गरी वाणिज्य बैंकहरुलाई एक महिनाभित्र निर्देशन दिने ।

६. अधिकांश प्राविधिक धारतर्फका विद्यालयमा कम शैक्षिक योग्यता भएका शिक्षकबाट अध्यापन गराउनु परिरहेको सन्र्दभमा विभिन्न विश्वविद्यालयबाट प्राविधिक विषय अध्ययन गरेका तथा सरकारी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई प्राविधिक

धारतर्फको विद्यालयमा स्वयंसेवकको रुपमा अध्यापन गर्न खटाउने सम्बन्धमा शिक्षा मन्त्रालयले दुइ महिनाभित्र अध्ययन गराई कार्यान्वयन गर्ने ।

७. भैरहवाको बिशेष आर्थिक क्षेत्र संचालनमा आए पनि विद्युत् आपूर्ति नहुँदा उद्योग संचालन गर्न लगानीकर्तालाई समस्या भएकाले उर्जा मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिई भैरहवाको बिशेष आर्थिक क्षेत्रमा दुइ महिनाभित्र विद्युत् उपलब्ध गराउने व्यवस्था गर्ने ।

८. माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनामा ऋणको अवधि नबढाउने जानकारी चीनको एक्जिम बैंकबाट प्राप्त भएको सम्बन्धमा राष्ट्रिय योजना आयोगले गरेको समन्वय बैठकमा छलफल हुँदा सेप्टेम्बर २०१७ भित्र ऋणको अवधि बढाउन उक्त बैंक तयार रहेकाले परामर्शदातालाई उपलब्ध गराउने रकम नेपाल विद्युत प्राधिकरण र नेपाल सरकारकातर्फबाट एक महिनाभित्र उपलब्ध गराउने व्यवस्था गरी आयोजना कार्यान्वयन शीघ्र रुपमा अघि बढाउने ।

९. विभिन्न मन्त्रालयअन्तर्गतका विकास समिति, आयोग, बोर्ड, प्रतिष्ठानको कार्यक्रम स्थानीय तहमा गएको वा जाने क्रममा रहेकाले सम्बन्धित मन्त्रालयले त्यस्ता संगठनको साधन, संरचना, जनशक्ति आदि प्रथम चौमासिक अबधिभित्रै पुनःसंरचना, हस्तान्तरण वा खारेजी गर्ने कार्य टुंग्याउने ।

१०. विज्ञान प्रबिधिको क्षेत्रमा दीर्घकालीन सोच तथा रणनीति तर्जुमा हुन नसक्दा अनुसन्धान, नव प्रबर्तन र सूचना प्रविधिको विकासमार्फत मुलुकको सम्बृद्धिमा यस क्षेत्रको योगदान पुग्न नसकेकाले विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा २०७४ मंसीरभित्र विज्ञान तथा प्रविधि क्षेत्रको दीर्घकालीन सोच तथा रणनीति तयार गर्ने ।

११. विनियोजन ऐन, २०७४ को दफा ५ अनुसार स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने आयोजना सम्बद्ध मन्त्रालयले २०७४ भाद्रभित्र हस्तान्तरण गरी सोको विवरण अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने ।

१२. निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि कोरियन कम्पनीलाई सम्झौता अनुसारको रकम भुक्तानीसम्बन्धी समितिको ३९ औं बैठकको निर्णय अनुसार पर्यटन मन्त्रालयले २०७४ असोजभित्र टुङ्गो लगाई आयोजनाको कार्यान्वयन अघि बढाउने ।

१३. संघीयता अनुरुप योजना प्रणाली, योजना संगठन र तहगत सरकारका योजनाबीच अन्तरसम्बन्ध स्थापना र आबधिक तथा बार्षिक योजना प्रक्रियासम्बन्धी क्षमता विकास गर्न जरुरी देखिएकाले राष्ट्रिय योजना आयोगले देहायवमोजिम गर्ने:

(क) आगामी सन् २०३० सम्मको दीर्घकालीन सोच (Vision) को मस्यौदा २०७४ माघभित्र तयार गर्ने ।

(ख) बिज्ञ संस्था (Think Tank) का रुपमा आयोगको पुन:संरचना २०७४ कार्त्तिकभित्र गर्ने ।

(ग) प्रदेश र स्थानीय तहका लागि योजना तर्जुमा, र अनुगमन तथा मूल्यांकनसम्बन्धी दिग्दर्शनहरु तयार गरी र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।